# Chapter - Fourteen
# अध्याय चौध

## Fundamental of Faith
## मौलिक विश्वास

"अनि विश्वासबिना परमेश्वरलाई प्रशन्न पार्नु असम्भव छ, किनकि जो परमेश्वरको नजीक आउँछ त्यसले परमेश्वर हुनु हुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनु हुन्छ भन्ने पक्का विश्वास गर्नु पर्छ" (हिब्रू ११:६) ।

विश्वासी भएको नाताले हाम्रो विश्वासको जग परमेश्वरको अस्तित्वको जगमा खडा भएको छ र उहाँले नखोज्ने मानिसहरूलाई होइन तर बिभिन्न तरिकाले उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनु हुन्छ भन्ने कुराको जगमाथि निमार्ण भएको हुन्छ । जति सक्दो चाँडो हामीले साँचो रूपमा यी दुईवटा कुराहरूलाई विश्वास गर्दछौं, तब हामी परमेश्वरलाई प्रशन्न पार्न थालेका हुन्छौं । परमेश्वरलाई खोज्दा यी कुराहरू लागु हुन्छन् (१) उहाँको इच्छाअनुसार सिक्नु , (२) उहाँको आज्ञा पालन गर्नु र (३) उहाँका प्रतिज्ञाहरूमा भरोसा गर्नु । यी तीनवटै कुराहरू हाम्रो दैनिक हिँडाइका अङ्गहरू हुनु पर्दछ ।

यस अध्यायले विश्वासको हाम्रो हिडाँइको बारेमा केन्द्रित गर्दछ । दुर्भाग्यचाँहि के हो भने, धेरै मानिसहरूले विश्वासलाई विशेष गरेर भौतिक उन्नतिको क्षेत्रमा केन्द्रित गरेर अत्यधिक रूपमा अबाइबलिय कुरालाई जोड दिन्छन् । त्यसै कारणले कसै–कसैले त्यो विषयमा सम्पूर्ण तवरले नजीकिन ग्रहणशील भएको पनि पाइन्छ । तर कोही मानिसहरू खोलातिर जाँदैछन् भने तिनीहरूलाई पानी पिउनबाट रोक्ने हाम्रो कुनै कारण हुँदैन । हामी सन्तुलित र धर्मशास्त्रीय भएर रहन सक्छौं । यस विषयमा शिक्षा दिने बाइबलमा धेरै कुराहरू छन् र परमेश्वरले हामीलाई उहाँका धेरै प्रतिज्ञाहरूमा विश्वासको अभ्यास गरेको चाहनु हुन्छ ।

परमेश्वरमा विश्वास गर्ने एक व्यक्तिको उदाहरण प्रभु येशूले छाडेर जानु भएको छ । उहाँले आफ्ना चेलाहरूले त्यो उदाहरण पछयाउन् भनी आज्ञा गर्नु भएको छ । त्यसै गरी चेला बनाउने सेवकहरूले पनि परमेश्वरमा भरोसा गर्ने एउटा उदाहरण बन्न र आफ्ना चेलाहरूलाई परमेश्वरमा प्रतिज्ञाहरूमा विश्वास गर्नलाई शिक्षा दिन प्रयत्न गर्दछन् । यो एकदम महत्वपूर्ण छ । बिना विश्वास परमेश्वरलाई प्रशन्न पार्नु असम्भव मात्र छैन तर बिना विश्वास हाम्रो प्रार्थनाका जवाबहरू पाउन पनि असम्भव छ (मत्ती २१:२२; याकूब १: ५–८) । विश्वासीहरूले प्राप्त गर्ने आशिषबाट शकां गर्नेहरू परै हुन्छन् भन्ने कुरा धर्मशास्त्रले स्पष्ट रूपमा सिकाउँछ । प्रभु येशूले भन्नु भयो, "विश्वास गर्नेहरूको लागि सब थोक सम्भव छ" (मर्कूस ९:२३) ।

## Faith Defined
## विश्वासको परिभाषा

हिब्रू ११: १ मा विश्वासको बाइबलिय परिभाषा पाइन्छ : "अब विश्वास चाँहि आशा राखिएको कुराको निश्चयता र नदेखिएका कुराको दृढ भरोसा हो ।"

यस परिभाषाबाट हामी विश्वासका धेरै बिशेषताहरूको बारेमा सिक्छौं । पहिलो कुरा त, विश्वास गर्ने व्यक्तिले निश्चयता पाएको हुन्छ अर्थात उसँग आत्मा–विश्वास हुन्छ । यो आशा गर्नुभन्दा अलिक भिन्नै हो, किनभने विश्वास चाँहि आशा राखिएको कुराको निश्चयता हो ।" आशाले सँधै शंकाको लागि ठाऊँ राखी दिने काम गर्दछ । आशाले सँधै "हुन सक्छ" भनेर भन्दछ । उदाहरणको लागि मैले यसो भन्न सक्छु ,"आज पानी परेर मेरो बँगैचा सीञ्चित हुनेछ भन्ने म निश्चित रूपमा आशा गर्दछु ।" पानी परोस् भन्ने म इच्छा गर्दछु , तर आज पानी पर्छ नै भन्ने मलाई यकिन छैन । अर्कोतर्फ, विश्वास सँधै "आशा राखिएको कुराको निश्चयता" मा निश्चित हुन्छ ।

मानिसहरूले भन्ने गरेको विश्वास वा आश्था चाँहि बाइबलिय परिभाषाको विश्वास प्राय: गरेर हुँदै होइन । उहादरणको लागि तिनीहरूले अँध्यारो बादल भएको आकाशतिर हेरेर "पानी पर्न लागिरहेको छ भनी म विश्वास गर्छु" भन्न सक्छन् । यद्यपि पानी पर्छ नै भन्ने कुरामा चाँहि तिनीहरू निश्चित भने हुँदैनन् – पानी पर्न सक्ने राम्रो सम्भावना छ भनेर तिनीहरूले सोँचेको मात्र हो । त्यो बाइबलिय विश्वास होइन । बाइबलिय विश्वासमा शंकाको कुनै तत्व हुँदैन । परमेश्वरले प्रतिज्ञा गर्नु भएको कुरामा भन्दा अरु कुनै कुरामा यसले स्थान दिँदैन ।

## Faith is the Conviction of Things Not Seen
## विश्वास नदेखिएको कुराको दृढ भरोसा हो

हिब्रू ११: १ मा पाइएको परिभाषाले "विश्वास नदेखिएको कुराको दृढ भरोसा हो" भनेर पनि भन्दछ । यसैले, यदि हामीले कुनै कुरा देख्न सक्छौं वा त्यसलाई हामीले हाम्रा पाँचवटा शारीरिक इन्द्रियहरूद्धारा महसुस गर्न सक्छौं भने, विश्वासको आवश्यकता नै पर्दैन ।

मानिलिऔं, अहिले तपाईलाई कसैले "केही कारणले" तपाईंको हातमा पुस्तक छ भन्ने कुरामा मेरो विश्वास छ भन्ने कुरालाई म बयान गर्न सक्तिन" भनेर भन्यो भने, वास्तवमा तपाई त्यो व्यक्तिमा कुनै कुरा गल्ती छ भनेर बिचार गर्नु हुन्छ अनि तपाई भन्नु हुन्छ, "मेरो हातमा मैले पुस्तक बोकिरहेको तपाईले स्पष्ट रूपमा देखिरहनुभएकोले मेरो हातमा पुस्तक छ भनेर किन विश्वास गर्न तपाईलाई आवश्यक छ त ?"

विश्वास नदेखिने क्षेत्र हो । उदाहरणको लागि, मैले यी शब्दहरू लेखिरहदाँ, मेरो छेउमा एकजना स्वर्गदूत छ भनी म विश्वास गर्दछु । यस कुरामा म निश्चित छु । म त्यसरी निश्चित हुन कसरी सक्छु त ? के मैले स्वर्गदूतलाई देखेको छु ? देखेको छुइन । त्यो स्वर्गदूत उडेर आएको के मैले महसुस गरेको छु त ? छुइन । यदि मैले स्वर्गदूतलाई देखेको वा त्यो उडेर आएको महसुस गरेको अथवा सुनेको भए मेरो छेउमा एउटा स्वर्गदूत छ भनेर विश्वास गर्न मलाई आवश्यकता नै पर्ने थिएन – मलाई त्यो थाहा भएको हुन्छ ।

त्यसैले कुन कुराले स्वर्गदूत मेरो नजीकै छ भन्ने कुराले मलाई निश्चित गराउँछ ? परमेश्वरका प्रतिज्ञाहरूमध्ये कुनै एउटा प्रतिज्ञाले मलाई निश्चित गराउँछ । भजनसंग्रह ३४: ७ मा उहाँले प्रतिज्ञा गर्नु भएको छ, "उहाँको भय मान्नेहरूका चारैतिर परमप्रभुका स्वर्गदूतले सुरक्षाको घेरा लाउँछन् , र उहाँले तिनीहरूलाई छुटकारा दिनु हुन्छ ।" परमेश्वरको वचनभन्दा अरु

कुनै पनि प्रमाण विश्वास गर्नको लागि मसँग छैन । त्यो नै साँचो बाइबलिय विश्वास हो ”नदेखिएका कुराको दृढ भरोसा” हो । संसारका मानिसहरूले प्रायः जसो ”देख्नु नै विश्वास गर्नु हो” भन्ने कुराको प्रस्तुतिलाई प्रयोग गर्ने गर्छन् । तर परमेश्वरको राज्यमा त्यसको ठीक बिपरीत कुरा सत्य हुन्छ ! ”विश्वास गर्नु चाँहि देख्नु हो ।

जब हामी परमेश्वरका प्रतिज्ञाहरूमध्ये एउटामा विश्वासको अभ्यास गर्दछौं, हामीलाई शंका गराउने परिस्थितिहरूको परीक्षाको प्रायः हामीले सामना गर्नु पर्ने हुन्छ वा हाम्रा परिस्थितिहरू परिवर्तन नभएकोले हामीलाई परमेश्वरले आफ्नो प्रतिज्ञा पूरा नगर्नु भएको हो, कि जस्तो लागेको समयको अवस्था भएर जानु पर्ने अवस्था पनि हुन सक्छ । यस्तो अवस्थाहरूमा हामीले शकांलाई इन्कार गर्नु र आफ्नो विश्वासको सुरक्षा गर्न आवश्यक हुन्छ र हाम्रो हृदयमा परमेश्वरले सँधै आफ्नो वचन पूरा गर्नु हुन्छ भनी विश्वास गरिरहन आवश्यक हुन्छ । उहाँलाई झूट बोल्नु असम्भव छ (तितस १:२) ।

# How Do We Acquire Faith ?
# हामी कसरी विश्वास प्राप्त गर्छौं ?

किनभने विश्वास परमेश्रका प्रतिज्ञाहरूमा आधारीत हुन्छ, बाइबलिय विश्वासको लागि एउटा मात्र श्रोत अस्तित्वमा छ – त्यो हो परमेश्वरको वचन । रोमी १०: १७ ले भन्छ, ”त्यसैकारण विश्वास सुनाइबाट आउँछ र यो खीष्टको वचन सुनेर मात्र आउँछ । परमेश्वरको वचनले नै उहाँको इच्छा प्रकट गर्दछ । हामीले परमेश्वरको इच्छा जब जान्दछौं तब मात्र त्यसलाई हामी विश्वास गर्नसक्छौं ।

यसैले यदि तपाईमा विश्वास भएको होस् भन्ने चाहनुहुन्छ भने, तपाईले परमेश्वरका प्रतिज्ञाहरूलाई सुन्नैपर्छ (पढनैपर्छ) । विश्वासको लागि प्रार्थना गरेर, उपवास बसेर र कसैले यसको लागि तपाईमाथि हात राखिदिएर यो आउँदैन । यो त परमेश्वरको वचन सुनेर मात्र आउँछ र एकचोटि तपाईले यो सुनिसकेपछि तपाईले यसमा विश्वास गर्न अझै निर्णय पनि गर्नुपर्दछ ।

विश्वास प्राप्त गर्नुदेखि उता हाम्रो विश्वास अझै बढदै जान पनि सक्छ । बाइबलले विश्वासका धेरै तहहरूको बारेमा पनि उल्लेख गर्दछ – सानो विश्वासले पहाड हटाउन सक्नेसम्मको काम गर्दछ । विश्वासलाई जति धेरै खुवायो र अभ्यास गऱ्यो त्यतिनै धेरै यो मानिसको मांशपेशी झैँ तन्दरुस्त भएर बलियो हुँदै जान्छ । हामीले परमेश्वरको वचन मनन् गरेर हाम्रो विश्वासलाई खुवाउँदै जानुपर्छ । हामीले हाम्रो विश्वासलाई परमेश्वरको वचनमा आधारीत कार्यहरू गरेर प्रतिक्रियाहरू दिएर अभ्यास गर्दै अगाडि बढनुपर्छ । यो कुरा हामीले समस्याहरू चिन्ताहरू र वास्ताहरूको सामना गरेको बेला समावेश हुन्छ । परमेश्वरले आफ्ना सन्तानहरूले कुनै कुराको लागि चिन्तित भएको चाहनुहुन्न तर त्यसको अलावा हरेक अवस्थामा उहाँमाथि भरोसा गरेको चाहनुहुन्छ (मत्ती ६: २५–३४; फिलिप्पी ४: ६–८; १ पत्रुस ५: ७) । हामीले हाम्रो विश्वासको अभ्यास गर्ने एउटा तरिकाचाँहि चिन्तालाई इन्कार गर्नु हो ।

यदि परमेश्वरले भन्नुभएको कुरामा हामीले साँच्चै विश्वास गर्छौं भने, त्यो कुरा सत्य हो भनेर हामी त्यसअनुसारको व्यवहार गर्दछौं र त्यही कुराको बारेमा हामी कुराकानी समेत गर्दछौं । यदि तपाईले प्रभु येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्नुहुन्छ भने तपाईले त्यस कुर

ालाई विश्वास गर्ने मानिस जस्तै गरी कुरा गर्नुहुनेछ र व्यवहार पनि गर्नुहुनेछ । यदि तपाई परमेश्वरले तपाईका सारा खाँचोहरू पूरा गरिदिनुहुन्छ भनी विश्वास गर्नुहुन्छ भने तपाईले त्यस्तै गरी व्यवहार गर्नुहुन्छ भनी विश्वास गुर्नहुन्छ भने तपाईले त्यस्तै व्यवहार र कुराकानी गर्नुहुन्छ । बाइबल ती मानिसहरूको उदाहरणले भरिएको छ जसले कठीन परिस्थितिहरूको बीचमा भएर पनि परमेश्वरमा विश्वास गरेर त्यसअनुसार व्यवहार गरेका थिए र परिणामस्वरूप तिनीहरूले आश्चर्यकर्म प्राप्त गरे । यस अध्यायमा हामी थोरै कुराहरूलाई विचार गर्नेछौं र पछिल्लो अध्यायमा हामी ईश्वरीय चङ्गाइको बारेमा अध्ययन गने छौं (अरु केही असल उदाहरणहरूको लागि हेर्नुहोस् २ राजा ४: १–७; मर्कूस ५: २५–३४ ; लूका १९: १–१०; र प्रेरित १४: ७–१०) ।

# Faith is of the Heart
# विश्वास हृदयबाट गरिन्छ

बाइबलिय विश्वास हाम्रो मनमा होइन तर हृदयमा सञ्चालित हुन्छ । पावलले लेखेका छन् , "किनकि मानिसले हृदयले विश्वास गर्दछ" (रोमी १०: १०क) । प्रभु येशूले भन्नु भयो, "यदि कसैले आफ्नो हृदयमा शंका गर्दैन तर आफूले भनेको कुरा पूरा हुन्छ भनी विश्वास गरेर यस पहाडलाई उखेलिएर तँ समुन्द्रमा खस् भन्यो भने त्यसको निम्ति त्यस्तै हुनेछ" (मर्कूस ११:२३) ।

तपाईको मनमा शंका हुन सम्भव छ तर तपाईको हृदयमा विश्वास गरेर परमेश्वरको प्रतिज्ञालाई प्राप्त गर्नु पनि झनै सम्भव हुन्छ । वास्तवमा धेरै जसो समय जब हामी परमेश्वरका प्रतिज्ञाहरूमा विश्वास गर्न प्रयास गर्दछौं तब हाम्रो मन शारीरिक इन्द्रियहरू र शैतानको झूटद्धारा प्रभावित भएको हुन्छ र त्यस कुराले गर्दा हाम्रो मन शंकाहरूद्धारा आक्रमित हुनेछ । त्यस्ता समयहरूमा हामीले हाम्रो मनलाई शंकाको ठाऊँमा परमेश्वरको प्रतिज्ञाहरू ल्याएर बिचलित नभइकन विश्वासलाई पक्रिरहन आवश्यक हुन्छ ।

# Common Faith Mistakes
# विश्वास गर्दा हुने सामान्य गल्तीहरू

कहिले–काँही हामीले परमेश्वरमा विश्वास गरेको कुरालाई अभ्यास गर्न खोज्दा हामीले इच्छा गरेको कुरा प्राप्त गर्न असफल हुन्छौं । किनभने हामीले परमेश्वरको वचन अनुसार आफूलाई सञ्चालन गरिरहेका हुँदैनौ । परमेश्वरले हामीलाई प्रतिज्ञा नगर्नु भएको कुनै कुराको लागि हामीले विश्वास गर्ने कोशिष गर्दा एउटा सामान्य गल्ती हुन जान्छ ।

उदाहरणको लागि, विवाहिता दम्पतिहरूको लागि सन्तान प्राप्त गर्नु परमेश्वरमा भरोसा गर्नु धर्मशास्त्र सम्मत हुन्छ । किनभने तिनीहरू जुन प्रतिज्ञामाथि खडा भएका छन् त्यसमा परमेश्वरको वचन समावेश भएको छ । म ती विवाहिता दम्पतिहरूलाई चिन्छु , जसलाई डाक्टरले तिनीहरूले कहिले सन्तान जन्माउन सक्तैनन् भनेका थिए । तर तिनीहरू तल उल्लेख गरिएका दुईवटा प्रतिज्ञाहरूमा विश्वास गरेर स्थिर भई खडा भए र परमेश्वरमा विश्वास गरे अनि आज तिनीहरू स्थास्थ्य सन्तान को आमा–बाबु भएका छन् ।

"तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरको सेवा गर्नु र उहाँले तिमीहरूका अन्नपानीमा आशिष दिनु हुनेछ ; अनि म तिमीहरूको बीचमा रोगहरू हटाई दिनेछु । तिमीहरूको देशमा कोही गर्भ तुहुने वा बाँझी हुने छैन ; म तिमीहरूलाई पूरा आयु दिनेछु" (प्रस्थान २३: २५,२६) ।

"तिमीहरू अरु मानिसहरूभन्दा ज्यादै आर्शिवादी हुनेछौ ; तिमीहरूका पूरुषहरू वा स्त्रीहरूमध्ये कोही पनि निसन्तान हुने छैनौ न त पशुहरूमध्ये कुनै पनि बैला हुनेछ" (व्यवस्था ७:१४) ।

यी प्रतिज्ञाहरूले सन्तानबिहिनहरूलाई उत्साह दिन्छन् ! केटा वा केटीलाई बिशेष गरेर विश्वास गर्नको लागि, यद्यपि यो अर्कै कथा हो । बाइबलमा बिशेष प्रकारका प्रतिज्ञाहरू त छैनन् जसले हामीलाई भविष्यको सन्तानको जुन लिङ्ग चाहिने हो त्यो प्राप्त गर्नलाई भन्दछन् । यदि हामीले आफ्नो विश्वासलाई प्रभावकारी बनाउने हो भने हामी धर्मशास्त्रको दायराभित्र रहनै पर्दछ । हामीलाई उहाँले जुन कुराहरूको लागि प्रतिज्ञा गर्नु भएको छ त्यस कुराको लागि मात्र हामीले परमेश्वरलाई भरोसा गर्न सक्छौं ।

अब हामी परमेश्वरको वचनको प्रतिज्ञाहरूलाई बिचार गरौं र त्यसपछि त्यो प्रतिज्ञामा आधारीत भएर हामीले कुन कुरामा विश्वास गर्न सक्छौं भनेर संकल्प गरौं :

"किनकि प्रभु स्यंम हुकुमको गर्जनसित प्रधान स्वर्गदूतको आवाज र परमेश्वरको तुरहीको स्वरसित स्वर्गबाट ओलनुहुनेछ र खीष्टमा मरेकाहरू चाँहि पहिले बौरी उठनेछन्" (१ थिस्सलोनिकी ४: १६) ।

धर्मशास्त्रको यस पदमा आधारित भएर निश्चय पनि हामी प्रभु येशूको आगमन हुँदैछ भनेर विश्वास गर्न सक्छौं ।

तथापि भोली नै प्रभु येशूको आगमन हुनेछ भनी विश्वास गरेर के हामी प्रार्थना गर्न सक्छौं ? सक्दैनौ, किनभने यो पद र अन्य पदहरूले हामीलाई त्यो प्रतिज्ञा गरेको छैन । वास्तवमा प्रभु येशूले उहाँको आगमनको बारेमा त्यो दिन र समय कहिले हो भनेर कसैले जान्दैन भनेर भन्नु भएको छ ।

वास्तवमा हामीले प्रभु येशू भोली पनि आउन सक्नु हुन्छ भनी प्रार्थना गर्न त सकौंला तर त्यो भोली हुने नै छ भनेर हामी निश्चित रूपमा भन्न चाँहि सक्दैनौ । जब हामी विश्वासमा प्रार्थना गर्दछौं परमेश्वरले त्यस कुराको लागि प्रतिज्ञा गर्नु भएकोले गर्दा त्यो निश्चित रूपमा हुनेछ भनी हामी निश्चित हुनु पर्दछ ।

धर्मशास्त्रको त्यही पदमा आधारीत भएर हामी प्रभु येशूको पुनरागमनको बेलामा मरेर गएका ती विश्वासीहरूको शरीरको पुनरुत्थान हुनेछ भनेर हामी विश्वास गर्न सक्छौं । तर खीष्टको पुनरागमनको बेला खीष्ट मरेकाहरूको पुनरुत्थान भएकै बेलामा हामी जिउँदाहरू तिनीहरू जस्तै पुनरुत्थान हुनेछौं भनेर के हामी विश्वास गर्न सक्छौं अथवा तिनीहरूको भन्दा सम्भावित रूपमा हाम्रो पुनरुत्थान हुन्छ भनी विश्वास गर्न सक्छौं ? सक्तैनौं, किनभने त्यो पदले हामीलाई यसको ठीक बिपरित प्रतिज्ञा गर्दछ : "खीष्टमा मरेकाहरू चाँहि पहिले बौरी उठनेछन् ।" वास्तवमा त्यसकै छेऊँको अर्को पदले भन्दछ, "तब हामी बाँचिरहेकाहरू आकाशमा उठाई लगिनेछौं" (१ थिस्सलोनिकी ४:१७) । यसरी खीष्टको पुनरागमनहुँदा "खीष्टमा मरेकाहरू" पहिले बौरी उठने छैनन् भन्ने कुरा सम्भव छैन । त्यही कुरा मात्र परमेश्वरको वचनले प्रतिज्ञा गरेको छ ।

यदि हामी कुनै कुराको लागि परमेश्वरमा विश्वास गर्न लागिरहेका छौं भने हामीले इच्छा गरेको कुरा प्राप्त गर्नको लागि परमेश्वरको इच्छा छ कि छैन भन्ने कुराको लागि हामी निश्चित

हुनु पर्छ । परमेश्वरको इच्छा हो कि होइन भनेर बाइबलमा उल्लेख गरिएको उहाँका प्रतिज्ञाहरूमा जाँच गरेर निर्णय गर्नु मात्र सुरक्षित हुन सक्छ ।

प्राकृतिक तवरले त्यस्तै गरेर विश्वासले कार्य गर्दछ । भोली दिउँसो म तपाईको घरमा आउनेछु भनेर मैले तपाईलाई पहिले प्रतिज्ञा नगरुन्जेलसम्म म भोली तपाईको घरमा भेटघाट गर्न आउँदैछु भन्ने कुरामा विश्वास गर्नु मूर्खता हो ।

खडा हुनको लागि प्रतिज्ञाबिनाको विश्वास साँचो विश्वास हुँदै होइन – त्यो त मूर्खता मात्र हो । त्यसैले तपाईले परमेश्वरसँग कुनै थोक माँग्नुभन्दा अगाडि तपाईले सर्वप्रथम आफैसँग यो प्रश्न गर्नुहोस् – मैले इच्छा गरेको थोकको लागि बाइबलमा भएको कुन चाँहि पदले मलाई प्रतिज्ञा दिएको छ ? तपाईले प्रतिज्ञा प्राप्त नगरुन्जेलसम्म तपाईको विश्वासको लागि कुनै आधार हुँदैन ।

## A Second Common Mistake
## दोस्रो सामान्य गल्ती

धेरैपल्ट खीष्टियनहरूले प्रतिज्ञामा समावेश भएका सबै शर्तहरू तिनीहरूको जीवनमा पूरा नगरिकन परमेश्वरको प्रतिज्ञाहरू पूरा हुन्छन् भनेर विश्वास गर्ने प्रयत्न गर्दछन् । उदाहरणको लागि खीष्टियनहरूले भजनसंग्रह ३७ लाई उद्धृत गरेर यसो भनेको सुनेको छु , "बाइबलले भन्दछ परमेश्वरले मलाई हृदयको चाहना दिनु हुनेछ । त्यसको लागि नै मैले विश्वास गरिरहेको छु ।"

तथापि, बाइबलले परमेश्वरले हाम्रो हृदयको चाहना हामीलाई दिन हुनेछ भनेर मात्र भन्दैन । बरु त्यसले के भन्छ भन्ने वास्तविक कुरा यस्तो छ :

"दुष्टहरूलाई देखेर झर्को नमान, कुकर्मीहरूप्रति डाही नहोऊ । किनकि तिनीहरू चाँडै घाँस झै सुकिजानेछन् र हरिया बिरुवा झैँ ओइलाइजानेछन् । परमप्रभुमा भरोसा राख र भलाई गर ; त्यसरी देशमा रहेर विश्वासयोग्यताको उपभोग गर्नेछौ । परमप्रभुमा आनन्दित होऊ ; उहाँले तिम्रो मनोरथ पूरा गर्नु हुनेछ । आफ्नो मार्ग परमप्रभुलाई सुम्प, उहाँमा नै भरोसा राख र उहाँले यो गर्नु हुनेछ ।

यदि परमेश्वरले हाम्रो हृदयका इच्छाहरू हामीलाई दिनु हुनेछ भनी हामी विश्वास गर्छौं भने धेरै शर्तहरू पूरा गर्नु पर्ने हुन्छ । वास्तवमा माथिका प्रतिज्ञाहरूमा मैले कम्तीमा पनि आठवटा शर्तहरूलाई गन्ती गरें । हामीले शर्तहरू पूरा नगरिकन प्रतिज्ञा गरिएका आशिषहरू प्राप्त गर्नको लागि हामीलाई कुनै अधिकार नै छैन । हाम्रो विश्वासको जग नै हुँदैन ।

खीष्टियनहरूले फिलिप्पी ४: १९ मा पाइने प्रतिज्ञालाई पनि उद्धृछ गर्न चाहनु पर्दछ, "मेरा परमेश्वरले उहाँको महिमाको सम्पत्ति अनुसार मेरा सारा खाँचाहरू पूरा गरी दिनु हुनेछ ।" यद्यपि के त्यो प्रतिज्ञामा शर्तहरू छन् ? निश्चय पनि छन् ।

यदि तपाईले फिलिप्पी ४: १९ मा पाइने प्रतिज्ञाको सन्दर्भलाई जाँच गर्नु भयो भने यी सबै खीष्टियनहरूलाई दिइएको प्रतिज्ञा होइन भनेर तपाईले पत्ता लगाउनु हुनेछ । बरु यो त खीष्टियनहरूलाई दिइएको प्रतिज्ञा हो जसले आफैलाई दिने कुराको लागि समर्पण गरेका छन् । परमेश्वरले फिलिप्पीका विश्वासीहरूको सारा खाँचोहरू पूरा गरी दिनु हुनेछ भनेर पावललाई राम्रोसित थाहा थियो । किनभने तिनीहरूले उनलाई भेटि पठाई दिएका थिए । किनभने तिनीहरूले प्रभु येशूले तिनीहरूलाई आज्ञा गर्नु भए झैँ परमेश्वरको राज्य पहिले खोजिरहेका

थिए, त्यसैले परमेश्वरले तिनीहरूका सारा खाँचोहरू प्रभु येशूले प्रतिज्ञा गर्नु भए झैँ पूरा गरी दिनु हुनेछ भन्ने सम्बन्धमा बाइबलमा भएका धेरै प्रतिज्ञाहरूले हामीले पहिले आफैलाई दिने व्यक्ति बनाउनु पर्छ भन्ने शर्त बोकेका छन् ।

यदि हामीले हाम्रो रूपैयाँ पैसाको सम्बन्धमा उहाँले गर्नु भएका आज्ञाहरू पालन गरिरहेका छैनौं भने हाम्रो खाँचाहरू परमेश्वरले पूरा गरी दिनु हुनेछ भनेर हामीले उहाँलाई भरोसा गर्न सक्छौं भन्ने विचार गर्ने हाम्रो साँच्चै नै केही पनि अधिकार छैन । पूरानो करारमा परमेश्वर ले आफ्ना मानिसहरूलाई तिनीहरूले दशांश तिर्न छोडेको कारण श्रापित भएका छन् भनेर भन्नु भयो तर यदि तिनीहरूले आफ्ना भेटि र दशांश आज्ञाकारी भएर दिएमा उहाँले तिनीहरूलाई आशिष दिने प्रतिज्ञा गर्नु भयो (मलाकी ३: ८–१२) ।

बाइबलमा हामीलाई प्रतिज्ञा गरिएका धेरै आशिषहरू परमेश्वरप्रति हाम्रो आज्ञाकारितामाथि सम्भावित छन् । त्यसैकारण, कुनै कुराको लागि हामीले परमेश्वरमा विश्वास गर्न लाग्नु पहिला हामीले आफैसँग यस्तो प्रश्न गर्नु पर्दछ : ”त्यस प्रतिज्ञामा समावेश गरिएका सबै सर्तहरू के मैले पूरा गरिरहेकोछु ?”

## A Third Common Mistake
## तेस्रो सामान्य गल्ती

नयाँ करारमा हामीले प्रार्थना गरेर केही कुरा माँग्दाखेरि हरेक समय लागु हुने सर्त प्रभु येशूले भन्नु भएको छ : ”परमेश्वरमा विश्वास राख । साँच्चै म तिमीहरूलाई भन्दछु , यदि कसैले आफ्नो हृदयमा शंका गर्दैन, तर आफूले भनेका कुरा पूरा हुन्छ भनी विश्वास गरेर यस पहाडलाई उखेलिएर समुन्द्रमा खस भन्यो भने, त्यसको निम्ति त्यस्तै हुनेछ । यसैकारण म तिमीहरूलाई भन्दछु , तिमीहरूले प्रार्थनामा जेसुकै कुरा माग्यौ भने सो पाएका छौ भन्ने विश्वास राख र त्यो तिमीहरूको निम्ति हुनेछ” (मर्कूस ११: २२–२४) ।

प्रभु येशूले भन्नु भएको शर्त चाँहि हामीले प्रार्थना गर्दा सो पाएका छौं भन्ने विश्वास गर्नु पर्छ भन्ने कुरा हो । धेरै ख्रीष्टियनहरूले जब आफ्नो प्रार्थनाको जवाब पाउँछन् तब मात्रै हामीले पाएका छौं भनी विश्वास गरेर तिनीहरूको विश्वासको अभ्यास गर्न गलत तरिकाले कोशिष गर्दछन् । तिनीहरूले प्राप्त गरेका छन् भनेर होइन तर प्राप्त गर्न लागिरहेका छन् भनेर मात्र विश्वास गर्दछन् ।

जब हामी कुनै कुराको लागि परमेश्वरसँग माँगदछौं, जुन उहाँले हामीलाई दिनेछु भने प्रतिज्ञा गर्नुभएको छ, तब हामीले प्रार्थना गरेकै बेलामा त्यो पाएकाछौं भनी विश्वास गर्नुपर्दछ र त्यही बेलादेखि नै उहाँको जवाफको लागि धन्यवाद दिन सुरु गर्नुपर्दछ । हामीले जवाफ आएको देख्नुभन्दा अगाडि नै हामीले त्यो पाइसकेकाछौं भनेर विश्वास गर्नुपर्दछ, तर पाइसकेकपछि होइन । हामीले धन्यवादसाथ आफ्ना बिन्तिहरू परमेश्वरमा जाहेर गर्नुपर्दछ, जसरी पावलले लेखेकाछन् :

”कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्धारा धन्यवादसहित तिमीहरूका बिन्ति परमेश्वरमा जाहेर होस्” (फिलिप्पी ४:६) ।

मैले पहिले नै भने झैँ यदि, हाम्रो हृदयमा विश्वास छ भने, स्वभाविक रूपमा हाम्रा वचनहरू र कार्यहरूले हामीले गरेको विश्वाससँग सम्पर्क गर्नेछन् । प्रभु येशूले भन्नुभयो, "हृदयमा भरिएका कुरा नै मुखबाट निस्कन्छन्" (मत्ती १२:३४) ।

केही खीष्टियनहरूले बारम्बार एउटै कुरा मागिरहेर गल्ती गरिरहेका हुन्छन् , जसले तिनीहरूले पाइसकेका छन् भनेर अझै विश्वास गरेका छैनन् रहेछन् भन्ने कुरालाई प्रकट गर्दछ । यदि हामीले प्रार्थना गर्दा पाइसकेका छौं भनी विश्वास गर्छौं भने, त्यही बिन्ती फेरि पनि दोहो ऱ्याउन आवश्यक पर्दैन । एउटै कुरा बारम्बार दोहोऱ्याएर माँग्नु भनेको चाँहि हामीले परमेश्वरसँग पहिलेनै मागेको कुरा उहाँले सुन्नु भएको छैन कि भनेर शंका गर्नु हो ।

## Didn't Jesus Make the Same Request More than One?
## के प्रभु येशूले एउटै बिन्तिलाई एकपल्टभन्दा बढी गर्नु भएको थिएन ?

प्रभु येशूले वास्तवमा एकै वाक्यमा एउटै बिन्ति तीनपल्टसम्म गर्नु भएको थियो । जब उहाँ गेतसमनीको बगैंचामा प्रार्थना गरिरहनु भएको थियो (मत्ती २६:३९–४४) । तर उहाँले परमेश्वर को प्रकट गरिएको इच्छा अनुसार विश्वासमा प्रार्थना गरिरहुन भएको थिएन भनेर मनमा राख्नुहोस् । वास्तवमा, जसै उहाँले क्रूसबाट अलग हुनको लागि जुनसुकै सम्भावित कुराको निम्ति तीनपल्टसम्म प्रार्थना गर्नु भयो, तब उहाँले गर्नु भएको बिन्ति परमेश्वरको इच्छा बिपरीत थियो भनेर उहाँले थाहा गर्नु भयो । त्यसैकारण, उहाँले त्यही प्रार्थनामा तीनपल्टसम्म आफूलाई पिताको इच्छामा सुम्पिदिनु भयो ।

प्रभु येशूको त्यही प्रार्थनालाई प्रायः गरेर गलत प्रकारले सारा प्रार्थनाको नमुनाको रूपमा प्रयोग गरिन्छ, जसरी केही मानिसहरूले प्रभु येशूको उदाहरणलाई पछयाएर, "यदि तपाईको इच्छा भए," अथवा तर पनि मेरो इच्छा त होइन, तपाईंकै इच्छा पूरा होस्" भन्ने शब्दहरूको साथ हामीले सँधै हरेक प्रार्थना भन्नु पर्दछ भनी सिकाउँछन् ।

फेरि पनि प्रभु येशूले गर्नु भएको प्रार्थनामा परमेश्वरको इच्छा थिएन भनी उहाँलाई थाहा थियो भनेर सम्झनु पर्दछ । परमेश्वरको इच्छा अनुसार जब हामी प्रार्थना गर्दछौं, त्यो बेला उहाँको त्यस उदाहरणलाई पछयाउनु भनेको गलत प्रकारले प्रार्थना गर्नु र हामीमा विश्वासको अभाव भएको कुराको प्रदर्शन गर्नु हो । उदाहरणको लागि, "प्रभु , तपाईमा म मेरो पाप स्वीकार गर्दछु र यदि तपाईको इच्छा भए, तपाईंसँग म क्षमा माँग्दछु" भनी प्रार्थना गर्नुले मेरो पाप क्षमा गर्नु परमेश्वरको इच्छा होइन कि जस्तो लाग्न सक्छ । वास्तवमा हामीलाई थाहा छ, कि यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने, परमेश्वरले हामीलाई क्षमा दिनु हुनेछ भनेर बाइबलले प्रतिज्ञा गर्दछ (१ यूहन्ना १:९) । यसरी यस्तो प्रकारको प्रार्थनाले परमेश्वरको प्रकट गरिएको इच्छामा विश्वासको अभाव भएको देखाँउदछ ।

"तापनि मेरो इच्छा त होइन, तर तपाईंकै इच्छा पूरा होस्" भनेर प्रभु येशूले आफ्ना हरेक प्रार्थनाको अन्त गर्नु भएको थिएन । त्यस प्रकारले उहाँले गर्नु भएको त्यो प्रार्थना एउटा मात्रै नमूना हो र पिताको इच्छा पूरा गर्दा कस्तो प्रकारको कष्ट भोग्नु पर्ने थियो भनेर उहाँलाई थाहा भएर पिताको इच्छा पूरा गर्नलाई उहाँले आफैलाई सुम्पनु भएको बेलामा उहाँले यो प्रार्थना गर्नु भएको थियो ।

अर्कोतर्फ, यदि परमेश्वरले उहाँको इच्छा प्रकट नगर्नु भएकोले निश्चित अवस्थामा हामीले उहाँको इच्छा बुझ्दैनौ भने, "यदि यो तपाईंको इच्छा हो भने" भन्ने शब्दहरूका साथ हाम्रो प्रार्थनाको अन्त गर्नु उचित हुन्छ । याकूबले लेखेका छन् :

"आज वा भोली हामी फलानो शहरमा जाऔंला, त्यहाँ एक बर्ष बिताऔंला र व्यापार गरेर नाफा गरौंला" भन्नेहरू अब सुन, भोली के हुने हो, तिमीहरू जान्दैनौ । तिमीहरू त तुवाँलो हौ, जो केही बेरको निम्ति देखा पर्छ अनि हराई हाल्छ । यसको सट्टामा त तिमीहरूले यसो भन्नु पर्ने, "यदि परमेश्वरको इच्छा भयो भने हामी बाँचौंला र यस्तो उस्तो गरौंला ।" तर अहिले तिमीहरू आ–आफ्ना शेखीमा धाक लाउँछौं ; यस्तो सबै शेखी खराब हो" (याकूब ४: १३–१६) ।

परमेश्वरबाटको प्रतिज्ञामा आधारीत भएर हामीले एकपल्ट हाम्रा बिन्तिहरू जाहेर गरेर सबै शर्तहरू पूरा गरी सकेपछि के गर्नु पर्छ ? हामीले विश्वास गरेको उहाँले दिने हाम्रा प्रार्थनाको उत्तर पाइसकेका छौं भनी वास्तवमै त्यो पूरा नहुन्जेलसम्म निरन्तर रूपमा धन्यवाद दिइरहनु पर्दछ । हामीले विश्वास र धीरजसाथ परमेश्वरको प्रतिज्ञालाई प्राप्त गरेर यो काम गरिन्छ (हिब्रू ६: १२) । शैतानले हामीलाई शंका पठाई दिएर निश्चित रूपमा हराउने कोशिष गर्नेछ र हामीले हाम्रो मन युद्धभूमि हो भनेर महसुस गरेको हुनु पर्दछ । जब हाम्रो मनलाई शंकाका सोँचाइहरूले आक्रमण गर्दछन् तब हामीले त्यस्ता सोँचाइहरूको ठाऊँमा परमेश्वरका प्रतिज्ञाहरूमा आधारीत विचारहरू ल्याएर राखी हाल्नु पर्दछ र विश्वासमा परमेश्वरको वचन बोल्न थाली हाल्नु पर्दछ । जब हामीले त्यसो गर्छौं । शैतान हारेर भागी हाल्छ (याकूब ४:७; १पत्रुस ५: ८,९) ।

# An Example of Faith in Action
# विश्वास कार्यमा परिणत भएको एउटा उदाहरण

पत्रुस पानीमाथि हिँडेको घटना विश्वास काममा परिणत भएको एउटा उत्कृष्ट र ज्वलन्त उदाहरण हो । आउनुहोस् अब हामी उनको कथा पढौं र त्यसबाट हामी के कुरा सिक्न सक्छौं भन्ने कुरालाई हेरौं ।

"प्रभु येशू भीँडलाई बिदा गर्नु हुँदा चेलाहरूलाई डुङ्गामा चढी उहाँभन्दा पहिले पारिपट्टि जान लगाउनु भयो । भीँडलाई बिदा गरी सक्नु भएपछि उहाँ एक्लै प्रार्थना गर्न डाँडामा उक्लनु भयो ; साँझ पर्दा उहाँ एक्लै त्यहाँ  हुनु हुन्थ्यो । उल्टो बगेको हुनाले डुङ्गा छालको चपेटामा परेको थियो । रातको चौथो पहर उहाँ समुन्द्रमाथि हिँडदै तिनीहरूकहाँ आउनु भयो अनि जब चेलाहरूले उहाँलाई समुन्द्रमाथि हिँडिरहनु भएको देखे तब डराएर तिनीहरूले भने, "यो त भूत हो !" र डरले चिच्याए । तर प्रभु येशूले झट्टै तिनीहरूलाई यसो भन्नु भयो, "साहस गर, म नै हुँ , नडराओ ।" पत्रुसले उहाँलाई भने, "हे प्रभु तपाईनै हुनु हुन्छ भने मलाई तपाईंकहाँ पानीमाथि भएर आउने आज्ञा दिनुहोस् ।" अनि उहाँले भन्नु भयो, "आऊ !" अनि पत्रुस डुङ्गाबाट ओर्लेर प्रभु येशूकहाँ जानलाई पानीमाथि हिँडन लागे । तर बतास जोडले चल्न लागेको देखेर तिनी डराए, र जब डुब्नै लागे, तब तिनले चिच्याएर भने, "हे प्रभु मलाई बचाउनुहोस् ।" तब प्रभु येशूले झट्टै आफ्नो हात पसारेर तिनलाई समाती हाल्नु भयो र तिनलाई भन्नु भयो, ए अल्पविश्वासी, किन शंका गर्‍यौ ?" अनि जब उहाँहरू डुङ्गामा पस्नु भयो, तब बतास थामियो ।

डुङ्गामा हुनेहरूले उहाँलाई दण्डवत गरे, र भने,"साँच्चै तपाई परमेश्वरका पुत्र हुनु हुन्छ !" (मत्ती १४:२२–३३) ।

केही समय अगाडि पनि प्रभु येशूका चेलाहरूले गालिलको समुन्द्रमा ढुङ्गामा यात्रा गर्दै गर्दा एकदम तीब्र बतासको सामना गर्नु परेको थियो भन्ने कुरा बिशिष्ट खालको छ (मत्ती ८:२३–२७) । त्यस घटनाको अवधीमा प्रभु येशू पनि तिनीहरूसँगै हुनु हुन्थ्यो अनि उहाँले त्यस बतासलाई हपारेर शान्त पारी सक्नु भएपछि उहाँले आफ्ना चेलाहरूलाई तिनीहरूको विश्वास नभएकोमा हकार्नु भयो । तिनीहरूले आफ्नो यात्रामा जानुभन्दा अगाडि उहाँले तिनीहरूलाई तालको पारिपट्टि भएको चाहनु हुन्छ भन्ने कुरा बताउनु भएको थियो (मर्कूस ४: ३५) । तथापि जब बतास उठेर आयो तब तिनीहरू आफ्नो परिस्थितिलाई देखेर अति भयभित भए र एक प्रकारले भन्ने हो भने अब तिनीहरू मर्नेछन् भन्ने कुरामा विश्वास हुन थाल्यो । तिनीहरू कम्तिमा पनि नडराएका हुन् भन्ने कुराको प्रभु येशूले आशा गर्नु भएको थियो ।

तथापि प्रभु येशूले यो समयमा तिनीहरूलाई गालिलको पारिपट्टि जानको लागि पठाउनु भयो । निश्चय पनि त्यसो गर्न उहाँलाई पवित्र आत्माले अगुवाई गर्नु भएको थियो । निश्चय पनि त्यो रात बिपरित दिशाबाट हावा बग्नेछ भनेर परमेश्वरलाई थाहा थियो । यसरी प्रभु येशूले तिनीहरूको विश्वासलाई चुनौती दिनको लागि सानो अवस्थालाई आउनको लागि अनुमति दिनु भयो । त्यो बिपरित दिशाबाट आएको बतासको कारण सामान्य रूपमा केही घण्टासम्म जे भएको थियो त्यही सारा रातभरि नै भयो । हामीले चेलाहरूको धैर्यतालाई मान्नै पर्छ,तर प्रभु येशूले केही दिनअगि मात्र तिनीहरूले बतासलाई शान्त पार्नु भएको देखेकोले यदि तिनीहरूमध्ये कसैमा विश्वास भएको भए हुने थियो, तर त्यस कुराले तिनीहरूलाई सहायता गरेन । चाखलाग्दो कुरा, मर्कूसको सुसमाचारले भन्दछ, कि जब प्रभु येशू पानीमाथि हिँडदै तिनीहरूकहाँ आउनु भयो, "उहाँले तिनीहरूबाट जाने विचार गर्नु भएको थियो" (मर्कूस ६:४८) । उहाँ अचम्भ रीतिले हिँडेर जाँदै गर्नु हुँदा तिनीहरू आफैले तिनीहरूको समस्याको समाधान गरुन् भनेर उहाँले तिनीहरूलाई एक्लै छोडन लागिरहनु भएको थियो ! यसले के देखाउँछ भने तिनीहरूले प्रार्थना गरिरहेका वा परमेश्वरतिर हेरिरहेका थिएनन् । मलाई अचम्भ लाग्छ कतिचोटि आश्चर्यकर्म गर्ने व्यक्ति हामीबाट भएर जानु हुन्छ, जुन समयमा हामी समस्याको आँधी–बेहरीको बिरुद्धमा जीवनको डुङ्गामा कष्टसाथ अगाडि बढेका हुन्छौं ।

## Principle of Faith
## विश्वासको सिद्धान्त

प्रभु येशूले पत्रुसको चुनौतीलाई एउटै शब्दमा प्रतिकृया दिनु भयो : "आऊ ।" त्यो शब्द पाउनभन्दा अगाडि यदि पत्रुसले पानीमाथि हिँडनको लागि प्रयत्न गरेको भए तुरन्तै डुब्ने थियो । किनभने प्रतिज्ञामाथि उनको विश्वास आाधारित थिएन । उनी विश्वासद्धारा भन्दा आटँद्धारा कदम बढाइरहेको हुने थियो । त्यस्तै गरेर प्रभु येशूले आफ्नो वचन बोली सक्नु भएपछि पनि अरु कुनै चेलाहरूले पानीमाथि हिँडने प्रयत्न गरेको भए तिनीहरू पनि तुरन्तै डुब्ने थियो, किनकि उहाँले आफ्नो प्रतिज्ञा पत्रुसलाई मात्र दिनु भएको थियो ।

तिनीहरूमध्ये कसैले पनि प्रतिज्ञामा भएको शर्त पूरा गर्न सक्तैनथ्यो, जसरी तिनीहरूमध्ये पत्रुस चाँहि होइन । त्यस्तै गरी हामीहरूमध्ये कसैले परमेश्वरका प्रतिज्ञाहरूमध्ये एउटा प्र

तिज्ञामा भरोसा गर्न प्रयत्न गर्दछौं भने हामी निश्चित हुनु पर्दछ, कि हामीले शर्त पूरा गरी सकेपछि मात्र त्यो प्रतिज्ञा लागु हुन्छ ।

पत्रुस पानीमाथि हिँडनको निम्ति अगाडि बढे । त्यो समय तिनले प्रभु येशूमाथि भरोसा गरेको समय थियो, त्यस समय तिनले त्यहाँ शंका गरेको थिएन । केही समय अगाडि भूत भनेर डराई कराइरहेको बेलामा तिनको मनमा अझै डर थियो । तिनले पहिलो कदम चालेको मात्र थियो । तर आश्चर्यकर्म प्राप्त गर्नको लागि तिनले आफ्नो विश्वासमा कार्य गर्ने पर्ने थियो । यदि तिनले डुङ्गाको मस्तुलमा अडिएर आफ्नो खुट्टाले पानीमाथि तिनको भार थामिन्छ कि थामिन्दैन भनी हेर्न खोजेको भए, तिनले कहिले पनि आश्चर्यकर्मको अनुभव गर्ने थिएन । त्यसै गरेर, हामीले कुनै पनि आश्चर्यकर्म प्राप्त गर्नुभन्दा अगाडि हामीले समयमै परमेश्वरको प्रतिज्ञामाथि भरोसा गर्नु पर्दछ र त्यसपछि हामीले जुन कुरामा विश्वास गरेका छौं, त्यस विश्वासमा कार्य पनि गर्नु पर्दछ । हाम्रो विश्वासको जाँच गर्ने समय सँधै जसो हुन्छ । कहिले–काँही त्यो समय छोटो हुन्छ ; कहिले–काँही लामो पनि हुन्छ । तर त्यहाँ केही लामो समय हुन्छ, जुन बेला हामी हाम्रो इन्द्रियहरूको गवाहीलाई अवहेलना गर्छौं र परमेश्वरको वचनमा कार्य गर्दछौं ।

सुरुमा त पत्रुसले राम्रै प्रगति गरेका हुन् । तर जब तिनले गरिरहेको कामको असम्भवतालाई हुरी बतास र पानीको छाललाई महसुस गर्दै बिचार गरे, तब तिनी डराए । सायद उनी डराएर अर्को पाइला सारेर हिँडनलाई रोकिए । अनि आश्चर्यकर्मको अनुभव गर्दै गरेको व्यक्ति त बिस्तारै डुब्न पो थाले । हामीले एकपल्ट सुरु गरी सकेपछि निरन्तर रूपमा विश्वास गरेर हाम्रो विश्वासमा निरन्तर काम गरिनै रहनु पर्दछ । अगाडि बढिरहनुहोस् ।

पत्रुस डुबे किनभने तिनले शंका गरे । मानिसहरूले आफ्नो विश्वास कमी भएको कुराको लागि आफैलाई दोष लगाउन मन पराउँदैनन् । बरु तिनीहरूले परमेश्वरलाई दोष लगाउन पुग्छन् । तर तपाईं के प्रभु येशूले यदि पत्रुसको कुरा सुन्नु भएको भए कस्तो प्रतिकृया दिनु हुन्थ्यो होला, जब तिनले "यो त साँच्चै मेरो लागि प्रभु येशूसँग पानीमा हिँडने परमेश्वरको इच्छा थियो" भनेर अरु चेलाहरूसँग भन्दै सुरक्षासाथ डुङ्गामा आएका थिए भने ?

पत्रुस असफल भए, किन भने तिनी डराए र आफ्नो विश्वासलाई गुमाए । ती कुराहरू सत्य छन् । प्रभु येशूले तिनलाई दोष लगाउनु भएन । तर तुरन्तै आफ्ना हातहरू पसारेर कुनै कुरा थामी राख्नको लागि समात्नु भयो अनि पत्रुसलाई उहाँले तुरन्तै किन शंका गर्‍यौ भनी सोध्नु भयो । शंका गर्नको लागि पत्रुससँग राम्रो कारण थिएन । किनभने परमेश्वरका पुत्रको वचन अरु जुनसुकै कुराभन्दा पनि निश्चित प्रकारको छ । परमेश्वरको वचनलाई शंका गरेर वा चिन्ता गरेर बस्नलाई हामीहरूमध्ये कसैसँग पनि असल कारण हुनसक्तैन ।

धर्मशास्त्र विश्वासको परिणामस्वरूप विजयताहरूले र शंकाको परिणामस्वरूप असफलताले भरिएको छ । विश्वासको कारण यहोशू र कालेबले प्रतिज्ञाको भूमि अधिकार गर्न पाए, जब कि तिनीहरूका समकक्षीहरू चाँहि तिनीहरूका शंकाको कारण उजाडस्थानमा नै मर्नुपर्‍यो (गन्ती १४:२६–३०) । प्रभु येशूका चेलाहरू दुई–दुईजना गरेर सुसमाचार प्रचार गर्नको लागि यात्रामा जाँदा तिनीहरूका खाँचोहरू पूरा गरियो (लूका २२:३५), तर एकपल्ट तिनीहरूका अविश्वासको कारणले भूतहरू धपाउनको लागि तिनीहरू असफल हुनु पर्‍यो (मत्ती १७: १९,२०) । खीष्टको सेवकाइमा धेरै मानिसहरूले चङ्गाईको आश्चर्यकर्म प्राप्त गरे भने उहाँको आफ्नै गाऊँका मानिसहरूले चाँहि तिनीहरूका अविश्वासको कारण बिमारी अवस्थामा नै रहनु पर्‍यो ( मर्कूस ६:५,६) ।

तिनीहरू सबैजना जस्तै, मैले पनि व्यक्तिगत रूपमा विश्वास वा शंका गरे अनुसार सफलता र असफलताको अनभुव गरेको छु । तर म आफ्नो असफलताको लागि तितो मान्दिन वा परमेश्वरलाई पनि त्यस कुराको लागि दोष लगाउँदिन । म उहाँलाई दोष लगाएर आफूलाई जोगाउन चाहन्न । म केही जटिल ईश्वर शास्त्रीय व्याख्या खोज्न लागिरहेको छुइन जसले परमेश्वरको स्पष्ट प्रकट भएको इच्छालाई पुनःअस्वीकार गर्दछ । मलाई थाहा छ परमेश्वरलाई झूट बोल्न असम्भव छ । त्यसैले जब म असफल हुन्छु , तब म मेरो अविश्वासको लागि पश्चाताप गर्दछु र फेरि पनि पानीमाथि हिँडन सुरु गर्दछु । प्रभु येशूले सँधै मलाई क्षमा गर्नु हुन्छ र मलाई डुबेर मर्नबाट बचाउनु हुन्छ भन्ने कुरा मैले थाहा पाएको छु !

फैसला चाँहि भई सकेको छ : विश्वासीहरूले आशिष पाउँदछन् ; शंका गर्नेहरूले पाउँदैनन् ! चेला बनाउने सेवकले प्रभु येशूको उदाहरणलाई पछयाउँछ । उ आफै विश्वासले पूर्ण हुन्छ र उसले आफ्ना चेलाहरूलाई समेत, "परमेश्वरमा विश्वास राख !" भनेर चेतावनी दिन्छ (मर्कूस ११:२२) ।